# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०९।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

सिराहा जिल्ला साविक रामपुरविर्ता गाविसका प्राविधिक सहायक प्रदिप ठाकुरले आफ्नो बुवा र आमाको उमेर बढाएर जेष्ठ नागरिकको सामाजिक सुरक्षाभत्ता ४-५ वर्षदेखि बुझ्दै आएको साथै निजले मृतक व्यक्तिको समेत भत्ता निकासा गरी आफै खाई मासेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज प्राविधिक सहायक प्रदिप कुमार ठाकुरले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा ५४६ वटा भरपाईमा आफैले औंठाछाप लगाई रु.९,६२,९१४।-(नौ लाख बैसठ्ठी हजार नौ सय चौध) र सोही कार्यालयका कार्यालय सहयोगी राजकुमार महराले ६६ वटा भरपाईमा आफैले औठाछाप लगाई रु.१,२२,०००।-(एक लाख बाईस हजार) गरी निजहरूले जम्मा रु.१०,८४,९१४।-(दश लाख चौरासी हजार नौ सय चौध) बराबरको रकम वितरण गरेको भनि झुट्टा भरपाई बनाई सामाजिक सुरक्षा बापतको सरकारी रकम आफै लिने खाने बदनियतसाथ हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिंदा निज प्राविधिक सहायक प्रदिप कुमार ठाकुरलाई विगो रु.९,६२,९१४।-(नौ लाख बैसठ्ठी हजार नौ सय चौध) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम विगो असुल गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र जरीवाना हुन साथै कार्यालय सहयोगी राजकुमार महरालाई विगो रु.१,२२,०००।-(एक लाख बाईस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम विगो असुल गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र जरिबाना हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता